# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

वागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं.: 3992

मिति : २०८०/०१/10

**विषय : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लगाएत सवै योजना कार्यन्वयन सम्बन्धमा ।**

श्री प्राविधिक शाखामा कार्यरत - इ.श्री प्रसन्न भण्डारी, सव इं श्री पुरन श्रेष्ठ,केशव तिमिल्सना, गौरी श्रेष्ठ, प्रविन श्रेष्ठ, अ.स.इं श्री सुजन श्रेष्ठ, हरि वहादुर सिलवाल, धन वहादुर श्रीमल, निकेत वागदास, सिद्धलेक गाउपालिका धादिङ ।

प्रस्तुत विषय सम्बन्धमा संघिय सरकार, प्रदेश सरकार र यस सिद्धलेक गाउपालिका वाट स्विकृत भई गाउपालिका मार्फत सम्झौता सगै कार्यन्वयन हुने सवै प्राविधिक प्रतिवेदन मुलक योजना तथा कार्यक्रमहरु स्थानीय स्तरमा तपाईहरु आफै गई फिल्ड अध्यन नापजाच सगै लगत ईस्टिमेट तयार हुने सगै कार्यन्वयन चरणमा रनिङ्ग विल तथा कार्यन्वयन पश्चात प्राविधिक परिक्षण सहित अन्तिम मुल्याङ्कन प्रतिवेदन समेत तयार गर्ने दायीत्व, विषयविज्ञेता, कर्तव्य समेत तपाईहरुको भएको साथै सो विषययमा प्रमुख प्रशासकिय अधिकृत, लेखा सहित नन प्राविधिक कर्मचारी लाई तथ्यपरक,जानकारी र विज्ञेता, प्राविधिक ज्ञान समेत नहुने हुदा तपाईहरु नै पुर्ण जिम्मेवार भई यसै निर्देशन लाई ध्यान दिई राष्ट्रपति शैक्षिक सुधार लगाएत सवै प्रकृतिका पुर्वाधार निर्माण योजनाको हकमा लगत ईस्टिमेट, मुल्याङ्कन र फरफारक सहित भुक्तानीको लागी पेश गर्नुहुन जानकारी गराउदछु । साथै यसरी विज्ञेता,जानकारी जिम्मेवार र कर्तव्य हुदाहुदै पनि गलत, लगत ईस्टिमेट र मुल्याङ्कन तयार गरी भुक्तानीको लागी पेश भएमा सो बाट हुने तत्काल र पछिल्लो चरणको जोखीम दण्ड सजाय सहित कारवाहीको भागीदार पुर्ण रुपमा नै तपाईहरु हुने गरी सचेत तथा यो जिम्मेवारी सुम्पेको व्यहोरा जानकारी गराउदछु ।

२०८०/०१/१०

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री अनुगमन समितिको संयोजक एंव उपाध्यक्ष ज्यु ( जानकारी तथा निजहरुलाई भुक्तानी अगाडी यसै अनुसार गर्न लगाई अनुगमन प्रतिवेदन पेश गर्नु लगाउनुहुन )
श्री योजना शाखा / शिक्षा शाखा सिद्धलेक गाउपालिका धादिङ (यसै अनुसार गर्नु गराउनुहुन )
श्री सामुदायीक विद्यालय सवै ( यसै अनुसार गर्नुगराउनु हुन )
श्री सुचना प्रविधि शाखा ( वेभसाईटमा राखिदिनुहुन )